# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४५) काठमाडौं, माघ १५ गते २०५२ साल (संख्या ४१

## भाग ३

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले श्री रघुपति जूट मिलस लि. लाई निजीकरण गर्ने निर्णय गरेकोले निजीकरण ऐन, २०५० को दफा ६ को उपदफा (१) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरेको छ ।

आज्ञाले,
रामविनोद भट्टराई
श्री ५ को सरकारको का.मु. सचिव

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

श्री ५ महाराजाधिराजबाट कानून तथा न्याय मन्त्रालयका सचिव श्री वेदव्यास क्षेत्रीलाई मिति २०५२।६।२१ मा लोकसेवा आयोगको सदस्य पदमा नियुक्ति गरिबक्सेकोले रिक्त हुन आएको सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका विशेष सचिव श्री सुरेशमान श्रेष्ठलाई मिति २०५२।६।२४ गतेदेखि अर्को व्यवस्था नभएसम्मको लागि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
कर्णबहादुर चन्द
श्री ५ को सरकारको का. मु. सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार काठमाडौंमा मुद्रित ।
मुद्रण विभाग, सिंहदरबार